ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०५ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग– ०१

## ताँजाकोट गाउँपालिका स्वास्थ्य सेवा ऐन २०७९

**प्रस्तावनाः** ताँजाकोट गाउँपालिका जनताहरुलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा स्थानीय सरकारको प्रमुख जिम्मेवारी रही आएको र ब्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले संघ र प्रदेशले बनाएका कानूनहरुमा रहेका आधारभूत स्वास्थ्य सेवाको उपलब्धता, स्वीकार्यता र पहुँच सुनिश्चित गर्दै, "नेपालको संविधानको धारा २२६ वमोजिम ताँजाकोट गाउँपालिकाको सभाले यो ऐन २०७९ तर्जुमा गरेको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम ताँजाकोट गाउँपालिका स्वास्थ्य ऐन, २०७९ रहेको छ।

(ख) गाउँसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले ताँजाकोट गाउँपालिकाको स्वास्थ्य ऐन २०७९ लाई सम्झनु पर्छ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(च) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(ज) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(झ) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(ञ) "अनुगमन समिति" भन्नाले दफा ६ अनुसार ताँजाकोट गाउँपालिकामा गठित स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य चौकी, स्वास्थ्य प्रबर्द्धन केन्द्र, आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य प्रबर्द्धन केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयुर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय, आर्युवेदिक तथा प्राकृतिक चिकित्सा हुनेछन्

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक, आर्युवेदिक तथा प्राकृतिक चिकित्सा यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **गाउँपालिका स्तरीय स्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकार** : (१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय र व्यवस्थापन गर्न गाउँपालिका स्तरीय स्वास्थ्य समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छः

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाउँपालिकाको अध्यक्षले तोकेको १ जना - सदस्य

(घ) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना सदस्य

(ङ) स्वास्थ्यसंस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(च) कार्यपालिकाको सदस्यहरुमध्येवाट कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना सदस्य

(छ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैरसरकारी संस्था तथा निजी क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्यक्षले तोकेको १ जना - सदस्य

(ज) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि उपदफा १ बमोजिम गाउँपालिका स्तरीय स्वास्थ्य समिति गठन गर्दा महिला, दलित,अपाङ्गता भएका तथा बन्चितीमा परेका समुहको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(३) गाउँपालिका स्तरीय स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्यसंस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्यसंस्था सञ्चालन र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्यसंस्थाहरुको लागि आवश्यक साधन स्रोत व्यवस्थापन गरी र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्यसंस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्यसेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्न गाउँपालिकाको अन्तरविविधतालाई मध्येनजर राखि समतामूलक रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने विषय सुनिश्चित गर्ने ।

(ज) माथि उल्लेखित कार्यहरु गर्दा लैङ्गिक उत्तरदायीपूर्ण रहेको सुनिश्चित गर्न लैङ्गिक उत्तरदायी अनुगमन सूची बनाउने गर्ने ।

(झ) कार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चिता समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न स्वास्थ्य तथा गुणस्तर सुनिश्चिता समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुने छः

(क) उपाध्यक्ष - संयोजक

(ख) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(ग) गाउँसभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको एकजना महिला सहित २-सदस्य

(घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधिमध्येबाट अध्यक्षले तोकेको एकजना (सदस्य

(ङ) गाउँपालिका भित्रका स्वास्थ्य व्यवसायी संघहरु मध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मंचको प्रमुख वा प्रतिनिधि एक जना- सदस्य

(छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि उपदफा १ बमोजिम अनुगमन तथा गुणस्तर सुनिश्चिता समिति गठन गर्दा महिला र बन्चितीमा परेका समुहकाको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(३) स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकारः- स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ः

(क) स्वास्थ्यसेवा प्रवाह सम्बन्धी तथ्य/प्रमाणको बारेमा छलफल तथा विश्लेषण गरी अनुगमन योजना बनाइ अभिलेखिकरण गर्ने ।

(ख) स्वास्थ्यसंस्था तथा स्वास्थ्यसेवा व्यवसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मुल्याङ्कनको लागि आवश्यक निर्देशिका बनाई सोही अनुसार कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ग) अनुगमनको क्रममा देखिएका विषयवस्तुहरुमा आवश्यक सुझाव, अनुशिक्षण तथा लिखित पृष्ठपोषण प्रदान गरी सुधारका लागि कार्ययोजना तयार पार्न सहयोग गर्ने ।

(घ) अनुगमन पश्चात प्रतिवेदन तयार पारी नगर स्वास्थ्य समितिलाई प्रतिवेदन पेश गर्ने ।

(ङ) स्वास्थ्यसंस्था तथा स्वास्थ्य व्यवसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरी सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

(च) स्वास्थ्यसेवाको गुणस्तर सुनिश्चित गर्ने गराउने।

७. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद औषधालय सञ्चालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छ।

(क) गाउँपालिका अध्यक्ष- संरक्षक

(ख) स्वास्थ्य संस्था रहेको वडा अध्यक्ष- अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जनाा - उपाध्यक्ष

(घ) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख तथा प्राचार्य मध्येबाट १-जना महिला सदस्य

(ङ) स्थानिय व्यापार संघको प्रतिनिधि १ जना - सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयमसेविकाहरु बाट १ जना- सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका अधिकृत/वडा सचिव - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख- सदस्य सचिव

(२) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, गाउँपालिका वा वडाका कार्यकारी अधिकारी र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (१) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ। समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ।

(४) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागी गराउनुपर्नेछ,

(क) दलित जनजातिबाट १ जना

(ख) अपाङ्ग, अशक्त वा जेष्ठ नागरीकहरु मध्येबाट १ जना

(ग) किशोरकिशोरीहरुको तर्फबाट १ जना

(५) गाउँपालिकास्तरमा स्वास्थ्यसेवा प्रवाह गर्ने निजी, गैरसरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा संलग्न गराउन सकिने छ।

(६) स्वास्थ्य संस्था स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्था सुनिश्चित गर्नका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्यहरु पनि यसै ऐनमा व्यवस्था भए अनुसार गठित समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

माथि उपदफा (१),(२),(३),(४),(५) मा माथि जुनसुकै कुरा लेखिएको भए तापनि शहरी स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको कार्यक्षेत्रका स्वास्थ्य संस्था रहेका वडा भन्दा वाहेकका वडा अध्यक्षहरु पदेन सदस्य रहनेछन। शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको हकमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका-२०७४ बमोजिम हुनेछ।

(६) स्वास्थ्य संस्था ब्यवस्थापन समिति काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन्ः

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) सम्मका कार्यक्कमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्कमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने।

(घ) स्वास्थ्यको बृहत् सामाजिक सास्कृतिक र आर्थिक निर्धारक तत्वहरुको कारणबारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल

प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

(ङ) स्वास्थ्यसंस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्यसंस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र स्वास्थ्य सेवा उपभोगको नियमित समीक्षा तथा मूल्याङ्कन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्याङ्कनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्याङ्क, सूचना सङ्कलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । अभिलेख तथा प्रतिबेदनलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतको समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने ।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

८. **बैंक खाता सञ्चालनः** हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्यसंस्थाको वैंक खाता ब्यवस्थापन समितिका सदस्य र वडा सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**परिच्छेदः ३**

**स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड**

९. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) **अस्पताल** : गाउँपालिका आफैले तोकिएको मापदण्डमा १० शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) **स्वास्थ्य चौकी** : गाउँपालिकाले प्रत्येक वडा अर्थात् जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी , आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

(क) **जनशक्तिः** नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहने छ । आवश्यकता अनुसार गाउँपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ ।

(ख) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) **उपकरणः** प्राथमिक उपचारका आधारभूत उपकरण आदि ।

(३) **आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र** : गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको

प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा  गाउँपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ।

(क) जनशक्ति नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले थप जनशक्ति तोक्न सक्नेछ।

(ख) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन।

१०. **स्वास्थ्य सेवा सञ्चालन इजाजत** : (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नती गर्न गाउँपालिकाले इजाजत दिन सक्नेछ।

(क) स्वास्थ्य क्लिनिक, आर्युवेदिक क्लिनिक, सेवा रिग्मा (आम्चुी) होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु

(ख) फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक) प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र , योग ध्यान तथा शारिरीक व्ययाम केन्द्र, परम्परागत  सेवा क्लिनिक तथा यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरु

(ग) जेरियाट्रिक परामर्श केन्द्र

(घ) डि र ई वर्गको प्रयोगशालाहरु।

(ङ) १५ शैयासम्मको अस्पतालहरु ।

(२) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. तल उल्लेखित स्वास्थ्य संस्थाहरुको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(क) स्वास्थ्य क्लिनिक , आयुर्वेदिक क्लिनिक , सेवा रिग्मा (आम्ची) होमियोप्याथी क्लिनिक र यर्स्त प्रकारका अन्य क्लिनिकहरु

(ख) फिजियोथेरापी केन्द्र , पुर्नस्थापना केन्द्र (मनोसामाजिक) प्राकृतिक उपचार केन्द्र , अकुपन्चर , अकुप्रेसर केन्द्र , युनानी उपचार केन्द्र , योग ध्यान तथा शारिरीक व्ययाम केन्द्र , परम्परागत  सेवा क्लिनिक तथा यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरु

(ग) जेरियाट्रिक परामर्श केन्द्र

(घ) डि र ई वर्गको प्रयोगशालाहरु।

(ङ) १५ शैयासम्मको अस्पतालहरु ?

१२. पूर्वाधार मापदण्ड ,गुणस्तर सुनिश्चिता, जनशक्ति, आवश्यक सामाग्री सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. सञ्चालन इजाजत, पुनः अनुमति प्राप्त, नविकरण, गुणस्तर तथा मापदण्ड, अनुगमन, स्वास्थ्य संस्था गाभिने, व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. अनुमति खारेजी तथा कारबाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः निजी लगानी र टूष्ट मार्फत् सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कूल शैयाको कम्तीमा १० प्रतिशत शैया गाउँपालिकाको सिफारिसमा तोकिए बमोजिमका सेवाग्राहीहरुका लागि निःशुल्क सेवाका लागि छुट्याउनु पर्नेछ।

## परिच्छेदः ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयमसेवा सम्बन्धी व्यवस्था

१७. **स्वास्थ्यकर्मीको व्यवस्थापनः** गाउँपालिका भित्रका सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरुमार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी, गाउँपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

(३) महिला स्वास्थ्य स्वयंसेविकाहरु,

१८. **महिला स्वास्थ्य स्वयंसेविकाको ब्यबस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहँचु मा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले स्वास्थ्य आमा समुहको छनौटमा वडा समितिको सिफारिसमा महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ।

(१) महिला स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ।

(२) एउटा वडामा प्रति १५०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविकाको सिफारिस स्वास्थ्य आमा समुह र वडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ।

(३) प्रत्येक स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १० दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्यसंस्थाहरुले दुई चरणमा ५/५ दिनको तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यसभन्दा पहिलेदेखि नै कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (SEE) उतिर्ण वा सो सरहलाई मात्र नियुक्ति दिइने छ।

(५) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधिले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन।

(६) प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समुहको अनुरोध र वडा समितिको सिफारिसमा ६० वर्षको उमेरसम्म आफनो सेवा प्रदान गर्न सक्ने छन्। सिफारिस नभएमा वा ६० वर्ष पूरा भएपछि स्वतः पदमुक्त हुनेछ।

१९. **स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मी नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव , भत्ता र कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मी प्रचलित तलब स्केल र दुई पक्षबीचको समभदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) **महिला स्वास्थ्य स्वयंसेविका** : पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

२०. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः** सरकारी स्वामित्वका स्वास्थ्यसंस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन्। समायोजन भई नआएमा वा थप कर्मचारीको आवश्यकता परेमा ताँजाकोट गाउँपाालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) स्वास्थ्यकर्मिको दरवन्दि निर्धारण गर्दा कम्तिमा ३३ प्रतिशत महिला स्वास्थ्यकर्मिको निमित्त दरवन्दिको ब्यवस्था गर्नुपर्नेछ।

(३) करार सेवामा कर्मचारीको नियुक्ति गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी नियुक्ति गर्ने कार्यविधि बमोजिम हुनेछ।

(४) समायोजन तथा पदस्थापना भएका कर्मचारीहरुलाई आवश्यकता अनुसार गाउँपालिका भित्र कामकाज तथा पदस्थापना गर्न सकिनेछ।

(५) कर्मचारीको व्यवस्थापन गर्दा नेपाल सरकारले तोकेको वरिष्ठताको आधारमा जिम्मेवारी तोकिनेछ।

२१. **कर्मचारी सरुवाः** स्वास्थ्यकर्मीहरुको गाउँपालिका भित्रको आन्तरिक सरुवा प्रमुख प्रशासकीय अधिकृतवाट हुनेछ।

२२. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(१) गाउँपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुने छ। करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार पारी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

२३. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेदः ५

औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२४. **वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

२५. **औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि वढाउनेछ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ।

२६. **औषधी तथा स्वाथ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था गाउँपालिका स्वास्थ्य शाखाले मिलाउने छ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण स्थानीय स्वास्थ्य संस्थाले माग गरे वमोजिम ३०% मा नवढाइकन गर्नुपर्ने छ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२७. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत् निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ।

२८. **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद ७

## महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२९. **रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

(१) स्थानीयस्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ७ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनुपर्नेछ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

३०. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउनसक्नेछ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

(३) महामारी रोकथाम तथा नियन्त्रण अभियान सन्चालन गर्दा महिला, बालबालिकासहितको महिला, सुत्केरी महिला, गर्भवति महिला, किशोरी, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, ज्येष्ठ नागरिक, विविध लैङ्गिक पहिचान भएका ब्यक्ति, वहुविभेदमा परेका ब्यक्ति, हिंसामा परेका ब्यक्ति, भौगोलिक विकटता, सिमान्तकृत समुदाय, आर्थिक रुपमा विपन्न लगायतको आवश्यकतालाई पहिचान गरी स्वास्थ्य तथा विपद ब्यवस्थापन प्रतिकार्य योजना बनाउने ब्यवस्था सुनिश्चित गर्नुपर्नेछ।

(४) महामारीको वेलामा पूर्ण वा आंशिक रुपमा लकडाउन गर्नु पर्ने अवस्थामा पनि निम्न सेवालाई अति आवश्यक सेवा मानि तोकिए बमोजिमको मापदण्ड अपनाई सञ्चालनमा ल्याईनेछः

क) औषधि पसल, अस्पताल, स्वास्थ्य संस्था,

ख) मातृ तथा नवजात शिशु सेवा

ग) एम्बुलेन्स सेवा

घ) न्यायमा पहुँच

३१. **सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ।

(२) खाद्य पदार्थ बिक्री वितरण गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था ,हाटवजार जस्ता क्षेत्रहरुको ३०० मिटर भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्नसक्नेछ।

३२. **स्वास्थ्य संस्था जन्य फोहरमैला व्यवस्थापन**

(१) स्वास्थ्य शाखाले स्वास्थ्यसंस्थाबाट उत्पादन हुने औषधी तथा मेडिकलजन्य फोहोरमैला व्यवस्थापनको निम्ति मापदण्डसहितको आवश्यक निर्देशिका बनाई लागू गर्नसक्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्यसंस्थाहरुमा औषधी तथा मेडिकलजन्य फोहरमैला व्यवस्थापनको लागि अनिवार्य रुपमा वार्षिक कार्ययोजना बनाई सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ।

## परिच्छेद ८
## विविध

३३. **प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल, पोलिक्लिनिक सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल, पोलिक्लिनिक तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्ने छ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

(३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

३४. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई गाउँ स्वास्थ्य शाखाले समन्वय गर्ने छ।

३५. **स्वास्थ्य आमा समूह, धामीझाक्री सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ।**

३६. **गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।**

३७. **सेवा प्रवाहमा साझेदारी गर्न सक्ने :**

(१) गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका

लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारी गर्दा निम्न विषयहरू सुनिश्चित गर्नुपर्नेछः

क) साझेदारी गर्दा सोवाट प्रवाह हुने सेवाहरु ग्रामिण, पछाडि पारिएका समुदाय, अपाङ्गता भएका नागरिक, बालबालिका, ज्येष्ठ नागरिक, विविध लैङ्गिक पहिचान भएका ब्यक्ति लगायतको पहुँच सुनिश्चित गर्न जिम्मेवार बनाउने ।

ख) आधारभूत स्वास्थ्य सेवा सम्बन्धी साझेदारी गर्दा त्यस्तो सेवाहरु ग्रामिण क्षेत्रमा विस्तार गर्ने ब्यवस्था सुनिश्चित गर्ने।

ग) आधारभूत स्वास्थ्य सम्बन्धी साझेदारी गर्दा महिला, किशोर किशोरी, अपाङ्गता भएका ब्यक्ति, विविध लैङ्गिक पहिचान भएका ब्यक्तिको प्रजनन् तथा स्थास्थ्य अधिकार सम्बन्धी सेवा विस्तारसित सम्बन्धित क्षेत्र छनौट गर्ने।

३८. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ

३९. **नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

४०. **संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म कार्यपालिकाले गर्न सक्नेछ।

४१. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा (अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर यस्तो आदेश गाउँसभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

४२. **बचाउ र लागू हुनेः**

(१) यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत